# सूचनाको हकको अवस्था र हाँकहरू तथा डिजिटल युगमा सूचना अधिकार

*– विनयकुमार कसजू*
(प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग)

अभिव्यक्ति स्वतन्त्रता, थाहा पाउने स्वतन्त्रता र समानताको अधिकार यी तीन अधिकार सबै मानवअधिकारका मूल आधार हुन् । यी अधिकारको अभावमा अन्य अधिकार प्राप्त गर्न सकिँदैन । अभिव्यक्ति स्वतन्त्रतालाई र थाहा पाउने स्वतन्त्रता अर्थात् सूचनाको हकले एक अर्कालाई पूर्णता दिन्छ । यसैले सबै लोकतान्त्रिक मुलुकका नागरिकलाई अभिव्यक्ति स्तन्त्रताको हक, सूचनाको हक र समानताको हक संविधानमा मौलिक अधिकारको रूपमा प्रत्याभूत गरिएको हुन्छ । आमनागरिकले अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक विभिन्न तरिका, माध्यम र प्रविधिबाट उपभोग गर्छन् । तीमध्ये सबैभन्दा व्यापक र प्रभावकारी माध्यम आमसंचार मध्यम वा प्रेस हो । स्वतन्त्र प्रेस भएन भने अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक उपभोग र अनुभव गर्न सकिँदैन । यसैले स्वतन्त्र प्रेसलाई लोकतन्त्रको एउटा खम्बा वा चौथो अंग मानिन्छ । तर अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकबिना स्वतन्त्र प्रेस बाँच्न सक्तैन ।

सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियो : ***सूचनाको हक मानिसको मौलिक अधिकार हो ...संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई  जाँच्ने आधार/कसी यो हो ।***

सन् १९४८ मा संयुक्त राष्ट्र संघले जारी गरको मानवअधिकारको विश्वव्यापी घोषणाको धारा १९ मा सूचनाको अधिकारलाई यसरी स्पष्ट पारिएको छ : ***"हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार छ । यो अधिकारभित्र कुनै बाधा बिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।"***

## सूचनाको हकसम्बन्धी ऐनको महत्व

सूचनाको हकले जनतालाई :

१. सरकार वा अरू शक्तिशाली निकायहरूमा रहेका आफ्नो सरोकारका सूचनामा पहुँच पाउने अधिकार दिन्छ ।

२. सरकारी र अन्य शक्तिशाली निकायहरूको गतिविधि थाहा पाउने र संस्थाहरूभित्र हुने अनियमितता, भ्रष्टाचारको जानकारी सार्वजनिक गर्ने अधिकार दिन्छ ।

३. संसद अथवा कानुन बनाउने र सरकार चलाउने निकायहरूले के गरिरहेका छन् त्यहाँ के भइरहको छ भनी हेर्ने, सुन्ने र जान्ने अधिकार दिन्छ ।

४. अदालतभित्र के भइरहेको छ भनी थाहा पाउने अधिकार दिन्छ ।

५. साथै आर्थिक, वातावरणीय, स्वास्थ्य र औषधी, व्यक्तिगत र सामाजिक सुरक्षा इत्यादि जनसरोकारका सबै विषयमा थाहा पाउने अधिकार दिन्छ ।

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य**

- सरकारको काम खुला र पारदर्शी बनाउनु,
- सरकारी तथा सार्वजनिक निकायहरूलाई नागरिकप्रति जवाफदेही बनाउनु,
- सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँच सजिलोसँग पुर्‍याउनु,
- नागरिकको सुसूचित हुने हक लागू र संरक्षण गर्नु,
- राज्य र नागरिकको हितमा प्रतिकूल प्रभाव पार्ने सूचनाको संरक्षण गर्नु ।

सारमा : सूचनाको हकको प्रभावकारी कार्यान्वयन भयो भने यसले नागरिकलाई यस्तो समाजमा बाँच्न सहयोग गर्छ जहाँ भ्रष्टाचार कम हुन्छ, भोकबाट मर्ने सम्भावना कम हुन्छ, मानवअधिकार, व्यक्तिको गोपनीयताको अधिकार, वातावरणको सम्मान हुन्छ । समाज बढी स्वस्थ र सुखी हुन्छ । भोकबाट मुक्त र स्वस्थ समाजमा बाँच्न सघाउँछ । देश बढी सुरक्षित हुन्छ । राजनीतिक व्यवस्था बढी लोकतान्त्रिक हुन्छ । सरकार र प्रशासन बढी सक्षम र उत्तरदायी हुन्छ । निर्णय प्रक्रिया बढी लाकतान्त्रिक हुन्छ । अर्थतन्त्र सक्षम, पारदर्शी र जिम्मेवार हुन्छ । सार्वजनिक निकायहरूले नागरिकहरूलाई जिम्मेवारयुक्त र संवेदनशील व्यवहार गर्छन् ।

नेपालका राष्ट्रिय कानुनहरूले नेपालद्वारा अनुमोदन वा हस्ताक्षर गरिएका अन्तरराष्ट्रिय अनुवन्धहरूलाई संविधान तथा कानुनसरह मान्यता दिने व्यवस्था गरेको कारणले सूचनाको हकलाई नेपालले पालन गर्नु पर्ने वाध्यकारी अवस्था छ । नेपालको सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपाल पक्ष भएका अन्तरराष्ट्रिय सन्धिहरू नेपालका कानुन सरह लागु हुन्छन् र त्यस्ता सन्धिहरूको प्रावधान प्रचलित नेपाली कानुनसँग बाझिएमा बाझिएको हदसम्म सन्धिकै प्रावधान मान्य हुन्छ । त्यसैले अन्तरराष्ट्रिय अनुबन्धअनुरूप नेपालले प्रचलित ऐनकानुनहरूलाई समय सापेक्ष रूपमा परिमार्जन र संशोधन गर्दै लग्नु आवश्यक हुन्छ । नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अनुबन्धमा हस्ताक्षर गरिसकेको हुँदा सो अनुवन्धमा निहित अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकसम्बन्धी प्रावधान नेपालका लागि राष्ट्रिय कानुनकै एक भागको रूपमा मान्य हुन्छ ।

नेपाली नागिरकले पहिलो पटक सूचनाको हक नेपाल अधिराज्यको संविधान २०४७ मा पाए पनि २०६२-६३ को जनआन्दोलनपछि बनेको अन्तरिम संविधान २०६३ ले नागरिकको सूचनाको हकलाई अझै दरो र विस्तृत रूपमा राख्यो । *"प्रत्येक नागरिकलाई* **आफ्नो** *वा* **सार्वजनिक सरोकार***को कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई पनि कर लगाएको मानिने छैन ।"* (धारा २७)

यो धाराले सार्वजनिक सरोकारका सूचनाका साथै आफ्नो सूचना माग्ने र पाउने अधिकार नेपाली नागरिकलाई दिएको छ ।

**दफा २ अनुसार सार्वजनिक निकाय :**

(१) संविधान अन्तर्गतका निकाय,
(२) ऐनद्वारा स्थापित निकाय,
(३) नेपाल सरकारद्वारा गठित निकाय,
(४) कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान,
(५) प्रचलित कानून बमोजिम दर्ता भएका राजनैतिक दल तथा संगठन,
(६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,
(७) नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था,
(८) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तरराष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर संचालन भएका गैरसरकारी संघ/संस्थाहरू,
(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था ।

जनआन्दोलनपछि पुनर्स्थापित व्यवस्थापिका संसद्ले २०६४ साल साउन २ गते सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गऱ्यो र साउन ५ गते सभामुखबाट प्रमाणित भई भदौ ३ गतेदेखि ऐन लागू भयो । ऐनको प्रस्तावनामा भनिएको छ : *"राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, व्यवस्थापिका संसद्ले यो ऐन बनाएको छ ।"* यो ऐनले नागरिकसँग

सरोकार राख्ने सबै खालका निकाय र सरकारी निकायहरूलाई नागरिकप्रति उत्तरदायी बनाएको छ । यसले सार्वजनिक निकायमा भएका सूचनामा नागरिकको पहुँचको अधिकारलाई सुनिश्चित गरेकोछ । सार्वजनिक निकायहरूमा आफ्ना सबै सूचना नागरिकले नमागेको अवस्थामा पनि तीनतीन महिनामा सार्वजनिक गर्नुपर्ने दायित्व छ । साथै नागरिकले आफ्नो बारेको सूचना सरोकारवाला निकायसँग माग्न पाउने अधिकार पनि दिएको छ । यो ऐनले सार्वजनिक निकायमा रहेका पाँच प्रकारका सूचनाबाहेक अरू सबै सूचना दिनु पर्ने वाध्यात्मक व्यवस्था गरेको हुँदा नागरिकको सूचनाको हक कार्यान्वयन गर्ने दरिलो कानुनी आधार दिएको छ । यसरी सूचनाको हकसम्बन्धी ऐनले लोकतान्त्रिक व्यवस्थामा नागरिकले पाउने एउटा महत्वपूर्ण हकलाई व्यावहारिक रूपमा उपभोग गर्न सक्ने बाटो खोलिदिएको छ ।

यस ऐनका अरू पनि कतिपय सकारात्मक पक्षहरू छन् । जस्तै, सार्वजनिक सूचना मात्रै होइन आफूसँग सरोकार भएका सूचना माग्न पाइन्छ । यो ऐनले सार्वजनिक निकायको परिभाषालाई व्यापक बनाएको छ । यसभित्र सरकारी निकायहरू मात्रै होइन कानुनद्वारा स्थापित तथा नागरिकसँग सरोकार राख्ने सबैखालका निकायहरू पर्छन् । ऐनले हरेक सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था हुनु अनिवार्य गरेको छ । सर्वजनिक निकायमा रहेको सूचना माग्ने, प्राप्त गर्ने र उपलब्ध गराउने प्रक्रिया स्पष्ट राखेको छ । साथै सूचना दिनुपर्ने जिम्मेवार अधिकारीले सूचना नदिएमा, अपूरो सूचना वा गलत सूचना दिएमा दण्डसजाय, विभागीय कारवाही र क्षतिपूति गर्ने व्यवस्था पनि गरेको छ ।

ऐनको कार्यान्वयनका लागि बेग्लै निकाय, **राष्ट्रिय सूचना आयोग**को व्यवस्था गरिएको छ । कुनै पनि नागरिकले कुनै पनि सार्वजनिक निकायबाट सूचना माग गर्न सक्छ र मागेको सूचना पाएन वा चित्तबुझ्दो भएन भने राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिएर सूचना प्राप्त गर्न सक्छ । आयोगले सूचना नदिने पदाधिकारीलाई दण्ड सजाय गर्न र सूचना मागकर्तालाई क्षतिपूर्ति दिलाउन सक्छ ।

आयोग ऐनको अभिन्न अंगको रूपमा रहेको छ । यसका मुख्य तीन काम छन् :

१) नागरिकलाई सूचनाको हक दिलाउने,

२) सूचनाको हक कार्यान्वयन भए, नभएको अनुगमन गर्ने, र

३) सूचनाको हकको प्रवर्द्धन गर्ने ।

साथै आयोगले हरेक वर्ष सरकारमार्फत् संसदलाई वार्षिक प्रतिवेदन बुझाउँछ । जसमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको स्थिति र ऐनको प्राभावकारी कार्यान्वयनका लागि गर्नु पर्ने कामका बारेमा सुझाव दिइन्छ ।

राष्ट्रिय सूचना अयोगको गठन ऐन लागू भएको झण्डै नौ महिनापछि अर्थात् २०६५ जेठ २४ गते भएको थियो भने सूचनाको हकसम्बन्धी नियमावली २०६५ माघ २७ गते जारी भएको थियो ।

ऐनअनुसार सार्वजनिक निकायहरूले आफ्ना केही सूचना नागरिकले नमागेको अवस्थामा पनि तीनतीन महिनामा सार्वजनिक गर्नुपर्छ । यसले राज्यका सम्पूर्ण अंग र सार्वजनिक निकायहरूलाई जनताप्रति उत्तरदायी, पारदर्शी, संवेदनशील र सक्रिय बनाउन सक्छ;

**दफा ३ अनुसार प्रवाह नगरिने सूचना :**

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुर्‍याउने । **तर त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन ।**

गोपनीयताको संस्कारमा हुर्केको प्रशासनिक संयन्त्रमा परिवर्तन ल्याउन सक्छ र जनउत्तरदायी, पारदर्शी लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउन सक्छ । यसको सफल कार्यान्वयनले शासक र नेतृत्ववर्गलाई जनउत्तरदायी बन्न बाध्य बनाउँछ । त्यसैले केही वर्षदेखि यो ऐनको प्रभावकारी कार्यान्वयन लोकतान्त्रिक मुलकहरूमा उच्च प्राथमिकता र आवश्यकताको विषय बनेको छ ।

## ऐन कार्यान्वयनको स्थिति

अयोगले गत वर्ष १२ वटा उजुरी/पुनरावेदनमा कारवाही र निर्णय गरेको छ भने यो वर्ष चालिस वटा उजुरी र पुनरावेदनमाथि कारवाही भएको छ । आयोगले गत वर्ष पाँच विकास क्षेत्र र पन्ध्र जिल्लामा सरकारी कार्यालयका कर्मचारीहरूलाई सूचनाको हकसम्बन्धी ऐनका बारेमा तालिम दिएको थियो । यसवर्ष पचास जिल्लामा सूचना माग्ने र दिने दुबै पक्षलाई सचेत गराउने कार्यक्रम संचालन गरिरहको छ । साथै विभिन्न संचार माध्यम र गोष्ठीहरूबाट नागरिक समाजमा सूचनाको हकको चेतना फैलाउने प्रयास गरिरहेको छ ।

**तर सूचनाको हक कार्यान्वयनको स्थिति सन्तोषजनक छैन किनकि :**

- अझै पनि कतिपय मन्त्रालय र केन्द्रिय निकायले आफ्नो मातहतका विभाग, शाखा, कार्यालयहरूमा सूचना अधिकारीको व्यवस्था गरेका छैनन् ।
- सार्वजनिक निकायहरूमा आधुनिक ढंगले, खोज्ने बित्तिकै पाउने गरी सूचना व्यवस्थित गरेर राख्ने परम्परा र प्रणालीको अभाव छ ।
- सार्वजनिक निकायले आफ्नो बारेमा ऐनअनुसारको विवरण सार्वजनिक गर्ने र तीनतीन महिनामा अद्यावधिक गर्ने काम गरेका छैनन् ।
- सूचनाको वर्गीकरण सूचनाको हकसम्बन्धी ऐनको उद्देश्य, भावना र मर्म अनुसार, पारदर्शी ढंगले गरिनुपर्छ । गोप्य राख्नु पर्ने स्पष्ट आधारहरू खुलाउनु पर्छ । ऐनको दफा ३ (३) भन्दा बाहिरका आधारहरूमा वर्गीकरण गरिनु हुँदैन । हाल गरिएको वर्गीकरणले अपारदर्शितालाई बढाउने संभावना भएको हुँदा यसलाई तत्काल संशोधन गरिनु आवश्यक छ ।
- समाजका शिक्षित र अगुवा वर्ग पत्रकार, कानुन व्यवसायी, अधिकारकर्मीहरूको ठूलो हिस्साले सूचनाको हक ऐन पढ्ने कष्ट गरेका छैनन् । यो स्थितिमा आमनागरिकले सूचना माग्न जाने चेतना नहुनु अनौठो होइन ।

**सूचनाको हक प्रभावकारी ढंगले कार्यान्वयन हुन नसक्नुका केही गम्भीर कारणहरू :**

- देशको राजनीतिक अवस्था संक्रमणकालीन र तरल भएको हुनाले सूचनाको हकको विषय ओझेलमा परेको छ ।
- राजनीतिक प्रतिवद्धताको अभाव छ । गएको वर्ष दिनमा कुनै पनि दलका नेता वा मन्त्रीले सूचनाको हकको पक्षमा बोलेको सुनिएको छैनन् ।
- यो ऐन कार्यान्वयन हुन नदिने कतिपय बाधक तत्व ऐनमा घुसाइएका छन् । उदाहरणका लागि कतिपय देशमा यो ऐन सुरुमा केही मन्त्रालयमा, केही वर्षपछि सबै सरकारी निकायमा अनि अन्य सार्वजनिक निकायमा लागू गरिन्छ । तर हाम्रो ऐनमा सबै संवैधानिक निकायदेखि राजनीतिक दल तथा गैरसरकारी संस्थालगायत कानुनद्वारा स्थापित सम्पूर्ण निकायलाई सूचनाको हक ऐनले समेट्छ । सूचनाको हकको लागि जनतालाई सचेत पार्नुपर्ने, जनतालाई सूचना माग्न सघाउनु पर्ने अधिकारवादी गैरसरकारी संस्थाहरूलाई यो प्रावधानले निष्क्रिय र हतोत्साहित बनाएको देखिन्छ । फलस्वरूप सूचनाको हक ऐन ल्याउन प्रमुख भूमिका खेल्ने पत्रकार लगायत गैरसरकारी तथा

अधिकारवादी संस्थाहरूले आमनागरिकलाई सूचनाको हकप्रति सचेत गराउने र सार्वजनिक निकायबाट सूचना माग्ने र माग्न लगाउने काममा पर्याप्त भूमिका खेलिरहेका छैनन् । अर्कोतिर राजनीतिक दलहरूलाई ऐन लागू गर्न त्रसित बनाइएको छ ।

– अन्तरिम संविधानको धारा २७, सूचनाको हकसम्बन्धी ऐनको भावना र प्रस्तवना र लोकतान्त्रिक समाजको मूल्यमान्यतालाई विर्सेर राज्यका केही महत्वपूर्ण निकायबाट सूचनाको हकसम्बन्धी ऐनको दफा ३७ को अपव्याख्या गरेर यो ऐनलाई पंगु बनाउने संभावना देखिएको छ ।

> **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ दफा ३७ ।

– सूचनाको हकसम्बन्धी ऐनको दफा ३ मा व्यवस्था भएको सरकारी निकायमा भएका दिन नमिल्ने सूचनाहरूको वर्गीकरण गर्दा नागरिकलाई दिनुपर्ने खालका सूचनालाई पनि वर्गीकरणभित्र पारेर ऐनको भावनालाई लत्याउने प्रयास गरिएको छ ।

– नयाँ संविधानको मस्यौदामा अन्तरिम संविधानमाझैं "तर, कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।" भनिएको छ । दिनु नपर्ने सूचनाको सूची सकेसम्म कम गर्नु पर्ने र स्पष्ट परिभाषा गर्नु मर्ने अन्तर्राष्ट्रिय मान्यता र भावनालाई यसमा समेटिएको देखिँदैन । त्यसै गरी सार्वजनिक निकायमा भएका सूचना पनि सार्वजनिक महत्वको सूचना र सार्वजनिक महत्व नभएको सूचना भनी छुट्याई सार्वजनिक निकायलाई सूचना दिन नपर्ने अवस्थामा सिर्जना गर्न खोजिँदैछ । 'अपरिपकव सूचना' जस्ता अपरिभाषित शब्दावली प्रयोग गरिएको छ । साथै संकटकालमा अन्य मौलिकहक जस्तै सूचनाको हक पनि निलम्बित गर्न सकिने व्यवस्था गरिँदैछ ।

### ऐन र नियमसँग सम्बन्धित समस्या :

संविधानसँग बाझिने ऐन कानुनहरू स्वतः बाझिएको हदसम्म अमान्य हुने भनिए पनि अहिले पनि हाम्रा कतिपय ऐन नियमहरू सूचनाको हकसँग बाझिने खालका छन् । खास गरी निजामति कर्मचारी नियमावलीले कर्मचारीहरूलाई गोपनीयताको शपथ गराउँछ । यसैले सूचनाको हकलाई सर्वोपरि बनाउने र बाझिने ऐन नियमहरू खारेज गर्नु अति आवश्यक छ । यस दिशामा काम भएको छैन ।

### आयोगसँग सम्बन्धित समस्या :

सबै संवैधानिक निकाय, सरकारी निकाय तथा सार्वजनिक निकायहरूमा हुने सूचना प्रवाहको स्थितिको अनुगमन गर्ने र ती निकायबाट नागरिकले मागेको सूचना दिलाउने जिम्मेवारी आयोगको हो । कार्यक्षेत्र र अधिकारको दृष्टिले आयोगको भूमिका व्यापक देखिए पनि यसले संवैधानिक वा स्वतन्त्र निकायको हैसियत पाएको छैन । आयोगले आफूलाई चाहिने जनशक्ति आफैले नियुक्त गर्न सक्तैन, नेपाल सरकारबाट उपलब्ध गराउने व्यवस्था छ । बजेट पनि एउटा मन्त्रालयअन्तर्गत विनियोजित गर्ने गरिएको छ । साथै आयोगको गठन हुँदा प्रमुख सूचना आयुक्तको पद सर्वोच्च अदालतका न्यायाधीश र सूचना आयुक्तहरूको पद पुनरावेदन अदालतको मुख्य न्यायाधीश सरह हुने व्यवस्था गरिएको थियो । तर नियमावली बनाउँदा, साविकका आयुक्तहरूले खाइपाइ आएको सुविधा नघट्ने गरी आयोगको हैसियत घटाउने काम भएको छ । यसको कारणको रूपमा आयोगले गर्ने दण्डसजायको विषयमा पुनरावेदन अदालतमा पुनरावदेन दिन सकिने व्यवस्थालाई प्रस्तुत गरिएको छ । वास्तवमा आयोगले गरेका कुनै पनि निर्णयउपर पुनरावेदन नलाग्ने केवल रिट लाग्ने व्यवस्था हुनुपर्थ्यो । अरू देशमा यही प्रचलन छ । यसरी ऐन, नियम बनाउँदा बडो चतुरतापूर्वक सूचनाको हक ऐनलाई मिच्न सकिने तत्वहरू घुसाइएको देखिन्छ ।

**सूचनाको हक र प्रेस**

नेपालमा सूचनाको हकको लागि पत्रकारिता क्षेत्रले सबैभन्दा पहिले आवाज उठाएको हो । यसैले हुनसक्छ सूचनाअधिकार प्रेसको मात्रै सरोकारको विषय हो कि भन्ने भ्रम धेरैलाई छ । तर, भारतमा प्रशासनमा, खास गरी गाउँमा व्याप्त भ्रष्टाचार र शोषणको विरुद्ध लडनका लागि नागरिक समाजले सूचनाअधिकारको माग गरेका थिए । वास्तवमा सूचनाअधिकार प्रेसको लागि होइन प्रत्येक व्यक्तिको लागि हो । प्रेस माध्यम मात्रै हो । प्रेसले सार्वजनिक निकायसँग सूचना माग्नु भनेको आफनो लागि नभएर आफ्ना अडियन्स (पाठक, श्रोता र दर्शक) का लागि हो । एक प्रकारले पत्रकारहरूले जनताको प्रतिनिधि भएर यो अधिकार मागेका हुन् ।

सूचना अधिकारको अभावमा पत्रकारहरूले मन्त्री वा उच्चपदस्थ कर्मचारीसँग व्यक्तिगत सम्बन्धको आधारमा सूचना पाउने प्रचलन छ । तर यो व्यवस्था सरकार, पत्रकार र अडियन्स सबैको लागि हितकर हुन सक्दैन । यस्तो उपाय पूर्ण विश्वसनीय र स्थायी पनि हुँदैन । सूचनादाताको हित यसमा गाँसिएको हुन सक्छ । कतिपय अवस्थामा सूचनाको स्रोत र पत्रकारबीचको सम्बन्धको अप्रत्यक्ष प्रभाव सूचनामा परेको हुन्छ ।

व्यक्तिगत सम्पर्क/सम्बन्धको आधारमा प्राप्त हुने सूचनामा कसैको व्यक्तिगत हित, गुणगान वा प्रसंशा वा स्वार्थ लुकेको हुन सक्छ । कथित 'विश्वसनीय स्रोत' ले कसैसँग रिस फेर्न वा असन्तोष पोख्न पनि सूचना दिन सक्छ । पत्रकार अनजानमा कसैको हतियार बनेको हुन सक्छ । समाचारको स्रोतको रक्षा गर्ने पत्रकारिताको नैतिक आचारको आडमा अपराधी लुकाउने काम पनि हुनसक्छ । जुन व्यक्तिको अनियमिताको भण्डाफोर हुनुपर्थ्यो त्यही व्यक्ति समाचारको स्रोत बनेको हुन सक्छ । प्रायोजित समाचारहरू आउन सक्छन् ।

व्यक्तिगत सम्पर्कको आधारमा सूचना पाउने तरिकामा अर्को पनि खतरा छ । सूचनादाताले भनेभनेको वा उसको अनुकूल समाचार प्रकाशित हुँदासम्म उसले पत्रकारलाई स्वागत गर्छ । तर उसलाई मन नपर्ने समाचार वा उसको वा उसको कार्यालयको अनियमिताको समाचार खोतल्न खोज्यो भने उसले पत्रकारसँग सम्बन्ध तोड्न सक्छ । यस्तोमा पत्रकार कुनै कर्मचारीको कठपुतली बन्ने खतरा हुन सक्छ ।

सूचनाको हकसम्बन्धी ऐनले पत्रकारलाई व्यक्तिगत सम्बन्धको आधारमा समाचार प्राप्त गर्नुपर्ने वाध्यतालाई मेटिदिन्छ । यसले पत्रकारलाई सूचनाको नयाँ र भरपर्दो आधार प्रदान गर्छ । यो ऐनका आधारमा उसले विशेष समाचार भेट्टाउन सक्छ । खोजी पत्रकारितालाई पनि यसले निक्कै सघाउ पुर्‍याउँछ । "सूचनाको स्वतन्त्राले सरकारले कसरी काम गर्छ भन्ने विषयमा मिडियालाई खोजी पत्रकारिता गर्न पनि महत्वपूर्ण साधन उपलब्ध गराउँछ । बेलायतमा सूचनाको स्वतन्त्रता ऐन २००० को उपयोग गरेर सरकारी फाइलमा लुकेका हजारौँ समाचारहरू बाहिर आए । अरू देशमा पनि यस्ता उदाहरणहरू पाइन्छन् । यो कानुन लागू नभएको भए यस्ता समाचार बाहिर आउने थिएनन् ।"

अर्गनाइजेसन फर सेक्युरिटी एण्ड कोअपरेसन इन युरोप (OSCE) ले "सरकारी सूचनामा पहुँच, सरकारी गोपनीयताको कानुन र पत्रकारको स्रोतको सुरक्षा" का बारेमा गरेको अध्ययनको रिपोर्टले पनि प्रेसले जनताको लागि काम गर्ने हो भन्ने कुरा स्पष्ट पारेको छ ।

नेपाल विश्वकै धेरै भ्रष्टाचार हुने मुलुकको सूचीमा पर्छ । सूचनाको हक कानुन भ्रष्टाचार उदाँग पार्ने महत्वपूर्ण औजार हो । यसले पत्रकारलाई सूचनाको स्रोतसम्म पुग्ने अधिार दिन्छ । तर विगत तीन वर्षमा भ्रष्टाचारसम्बन्धी रिपोर्टिङ गर्दा सूचनाको हक ऐनको प्रयोग गरेको पाइएको छैन ।

राजधानी र ठूला सहरका बासिन्दाहरूले उपभोग गर्ने पानी, दूध, खाद्यान्न, तरकारी, फलफूलको गुणस्तरबारे तथा अन्य सार्वजनिक सेवामा जनतालाई परेका मर्का र चासोका विषयमा कमै रिपार्टिङ हुने गरेको छ र त्यसमा सूचनाको हकसम्बन्धी कानुनको प्रयोग नगन्य मात्रामा भएको छ ।

जनतालाई सही सूचना दिएर सही निर्णय गर्न सक्ने बनाउनु प्रेसको विशेषता हो । साथै यसले राज्यका विभिन्न अंगको निगरानी गरेर सही लोकतन्त्रलाई अस्वस्थ हुनबाट जोगाउँछ । यिनै विशेषताले गर्दा प्रेस लोकतन्त्रको अभिन्न अंग बनेको हो । तर जनतालाई सुसूचित गर्ने प्रमुख दायित्वबाट पंछिन खोजेको घडीमा प्रेसको चरित्र समाप्त हुन्छ र त्यो कुनै शक्ति समूह वा व्यापारीको औजार बन्छ । सूचना अधिकारले प्रेसलाई आफ्नो चरित्र खरो राख्न सघाउँछ ।

**सूचनाको हक प्रभावकारी कार्यान्वयनका लागि गर्नु पर्ने मुख्य कामहरू :**

- नयाँ संविधानमा सूचनाको हकलाई संकुचित, स्थगन, अपव्याख्या र अपहरण गर्न नसकिने गरी राख्ने ।
- सूचनाको हकसम्बन्धी ऐनलाई सुधारेर यससँग बाझिने ऐनहरूमा संशोधन वा खारेज गर्ने ।
- सूचनाको हक कार्यान्वयनका लागि गर्नु पर्ने विविभिन्न काम जस्तै सार्वजनिक निकायहरूमा सूचना/अभिलेख व्यवस्थापन, सूचना अधिारीहरूलाई प्रशिक्षण लगायत सार्वजनिक निकायहरूलाई सूचना व्यवस्थित र प्रवाह गर्न सक्षम बनाउने कामहरूको जिम्मा लिने निकाय सिर्जना गर्ने ।
- राष्ट्रिय सूचना आयोगमा सोत साधन बढाएर यसलाई बलियो बनाउने तथा प्रशासनिक तथा आर्थिक स्वायत्तता प्रदान गर्ने ।
- सार्वजनिक, विशेष गरी सरकारी निकायहरूमा स्रोत साधन, प्रशिक्षण उपलब्ध गराई ऐन लागू गराउन सरकारबाट विशेष कार्यक्रम संचालन गर्ने ।
- लोकतन्त्र र विकासका लागि कार्यरत गैरसरकारी सस्थाहरूले सूचनाको हकबारे जनचेतना जगाउन तथा जनतालाई सूचना माग्न लगाउन गैरसरकारी संस्थाहरूलाई स्रोतसाधन सम्पन्न बनाउने र गैससहरूले विशेष कार्यक्रम संचालन गर्ने ।
- मिडियामा सार्वजनिक चासो, विकास निर्माणका विषय उठाउने । रिपोर्टिङको विश्वसनीयता, उपयोगिता र गुणस्तर बढाउन सूचनाको हक ऐनको उपयोग गर्ने ।

## सूचनाको हक र न्यु मिडिया

लोकतन्त्रलाई बलियो बनाउन, विकासलाई अघि बढाउन र जनतालाई सबल बनाउनका लागि मानिसमानिसबीच, समुदाय र संस्था /निकायहरूबीच निरन्तर र अधिकतम संवाद, छलफल हुनुपर्छ । यो काम अखबार, रेडियो र टेलिभिजनजस्ता परम्परागत समाचार माध्यमहरू (न्युज मिडिया) ले गरिरहेका छन् । तर अहिले इमेल, इन्टरनेट, मोबाइलफोनजस्ता नयाँ माध्यम (न्यु मिडिया) ले यस प्रकारको संवाद र अन्तरक्रियाको मात्रा र गतिलाई तीव्र रूपले अगाडि बढाइरहेको छ । अखबार, रेडियो र टेलिभिजनजस्ता परम्परागत समाचार माध्यमहरू पहिले एकतर्फी थिए र तिनीहरूको पहुँचको क्षेत्र सीमित थियो । तर सूचना तथा संचार प्रविधिका नयाँ माध्यमहरू (न्यु मिडिया) आएपछि परम्परागत न्युज मिडियाको स्वरूप, काम गर्ने तरिका, पहुँच र प्रभावमा ठूलो परिवर्तन आएको छ ।

न्युज मिडियाहरूको पहुँच केही वर्षअघि सम्म नेपाल र वरिपरिका भौगोलिक सीमामा बाँधिएको थियो भने अहिले दर्जनौं अखबारहरू, एक दर्जनभन्दा धेरै रेडियो प्रसारणहरू र केही टेलिभिजन च्यानलहरू भूमण्डलीय बनेका छन् । तिनीहरूको पहुँचमात्रै बढेको छैन निरन्तर अपडेट गर्ने र रियल टाइममा सूचना र समाचार दिने क्षमता निरन्तर बढिरहेको छ । पत्रकारले घटनास्थलबाटै लिखित, श्रव्य र दृश्य समाचार लाइभ प्रसार गर्ने प्रविधि सामान्य बन्दैछ । सूचना र संचारका नयाँ माध्यम र प्रविधि (आईसीटी) को अकल्पनीय विकासले गर्दा यो सम्भव भएको हो । फलस्वरूप अहिले नेपालबाहिर बस्ने लाखौँ नेपालीहरूले उही समयमा नेपालका अखबार पढिरहेका छन् । रेडियो सुनिरहेका छन् । टेलिभिजन हेरिरहेकाछन् ।

अर्कोतिर टेलिफोन लाइन जोडिएको कुनै पनि कम्प्युटरले मुद्रित/लिखित, श्रव्य, चित्र, चलचित्र सामग्री रेडियो वा टेलिभिजन स्टेसनले जस्तै गरी संसारभरि प्रसार गर्न सक्ने भएको हुँदा हरेक कम्प्युटर मिडिया उत्पादक र प्रकाशक/प्रसारक तथा हरेक व्यक्ति पत्रकार बन्न सक्ने सस्तो र सजिलो प्रविधि उपलब्ध भएको छ । नागरिक पत्रकारिता (सिटिजन जर्नलिजम) सुरु भइसकेको छ । सेन्सरसिप र गेटकिपरहरू निरर्थक भइरहेका छन् । फलस्वरूप पत्रकारिता र पत्रकारको परिभाषा र भूमिका पनि फेरिँदै छ ।

न्युज मिडियाले न्यु मिडियाको प्रयोग गर्न थालेपछि यसको पहुँच र शक्ति दुबै बढेको छ, साथै खतरा र हाँकहरू पनि थपिएका छन् । अब अखबार पर्खेर, रेडियोमा कान थापेर वा टेलिभिजनमा आँखा लाएर बस्ने दिन गए । वर्ल्डवाइटवेब (www), इन्टरनेट, इमेल, ब्लग, भिडियोफोन, इन्टरनेट टेलिफोनदेखि थ्रीजी मोबाइल फोनले अब मानिस जहिले जहाँ बसेर पनि सूचना, समाचार र ज्ञान प्राप्त, प्रेषण, संरक्षण र सिर्जना गर्न सक्ने भएको छ । न्यु मिडियाले मानिसहरूलाई समाचारको निष्क्रिय उभोक्ताबाट सक्रिय उपभोक्ता र उत्पादकसमेत बनाएको छ । न्युमिडियाको उपयोग सम्पादक, पत्रकार, समाचार उपभोक्ता, व्यापारी, विज्ञापक र बजार, जनसम्पर्क गर्ने निकायहरू, वैकल्पिक मिडिया र सक्रियतावादीहरू, शैक्षिक तथा प्राज्ञिक क्षेत्र एवं राज्यका विभिन्न अंगहरूले विभिन्न स्तरमा गरिरहेका छन् । पछिल्लो समयमा आएको फेसबुक, ट्विटरजस्ता सोसल मिडियाहरूले हजारौं मानिसलाई एकै पटक मुद्रित समाचार र विचारमात्रै होइन भिडियो चलचित्र पनि संप्रेषण गर्ने सुविधा दिएर मानिहरूमा भूमण्डलीय स्तरमा व्यक्तिगत सम्बन्ध बढाइरहेको छ । सूचना र ज्ञानको यति सजिलो सस्तो र शिघ्र सेयरिंग मानव इतिहासमा पहिले कल्यै भएको थिएन ।

## लोकतन्त्र, सरकार, सुशासनका लागि सूचना प्रविधि

बलियो लोकतन्त्रका लागि आमनागरिक/नागरिक समाज र सरकारका बीचमा, प्रशासनिक संयन्त्र र जनताका बीचमा निरन्तर र जीवन्त संवाद / अन्तरक्रिया हुनु जरुरी हुन्छ । सरकार तथा सार्वजनिक निकायहरू सूचनाका प्रमुख स्रोत भएकोले तिनीहरूले आफूसँग भएका सूचना निरन्तर प्रवाहित गरिरहनु पर्छ । परम्परागत संचार माध्यमहरूबाट सूचना प्रवाह गर्दा महँगो र समय पनि बढी लाग्छ । नयाँ सूचना प्रविधि आएपछि यो काम सस्तो र सजिलो पनि भएको छ । अहिले मन्त्रालय, विभाग र सरकारी कार्यालयदेखि नगरपालिकासम्मका कतिपय निकायहरूका आफ्नै वेबसाइट छन् । न्यायालयले पनि सबै काम अनलाइनमा गर्न थालेको छ । यसरी राज्यका निकायहरूले सूचना प्रवाह गर्ने र जनताको विचार जान्ने काम गर्नुका साथै नागरिकलाई सेवा प्रदान गर्ने काममा पनि सूचना प्रविधिको उपयोग गर्न थालेका छन् । राष्ट्रिय निर्वाचन आयोगले मतदाताको नाम ठेगाना, भूमिसुधार मन्त्रालयले भूमिको स्वामित्व र किनबेचको रेकर्ड, गृह तथा परराष्ट्र मन्त्रालयले नारिकता र राहदानीको रेकर्ड र अनुगमन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनलाइन उजुरी लिने जस्ता व्यवस्था गर्नु सूचना प्रविधिलाई लोकतन्त्र र सुशासन बलियो बनाउने काममाका केही उदाहरण हुन् ।

### डिजिटल युगका हाँकहरू

प्रविधिले मानव समाजलाई कति माथि, उचाइमा पुर्‍याउँछ भन्ने कुरा गुटेनवर्गले आविष्कार गरेको मुद्रण प्रविधिले ल्याएको परिवर्तन र प्रभावबाट स्पष्ट हुन्छ । यदि छाप्ने अर्थात् सूचना र ज्ञानलाई एकबाट अनेक बनाउने प्रविधिको विकास नभएको भए अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र प्रेस स्वतन्त्रता जस्ता लोकतान्त्रिक समाजका आधारभूत कुराहरू आज कुन अवस्थामा हुने थियो भनेर कल्पना गरौं । पुस्तक पत्रिकाको अभावमा मानवसमाज कुन युगमा हुने थियो ?

यस्तै, अहिले नयाँ सूचना प्रविधिको विकास भएको छ जसको मुख्य गुण वा स्वभाव हो : सूचना र ज्ञान पाठ्य, चित्र, ध्वनि, चलचित्र इत्यादि कुनै पनि स्वरूपमा जस्ताको तस्तै उही समयमा प्राप्त गर्न, संप्रेषण गर्न र सुरक्षित/भण्डारण गर्न सकिन्छ । यसको मुख्य आधार भनेको डिजिटल प्रविधि अर्थात् कुनै पनि स्वरूपको डकुमेण्डलाई डिजिटाइज्ड गर्न सकिने साधान र प्रविधि; त्यसरी डिजिटल स्वरूपमा भएका सामग्रीलाई तार, बेतार र स्याटेलाइटको माध्यमबाट ओसरपसार गर्न सकिने प्रविधि तथा विश्वव्यापी संचार संजाल www (World Wide Web) हो ।

नयाँ सूचना प्रविधिले मानिसका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक तथा दैनिक जीवनका हरेक कृयाकलापमा प्रभाव पार्न थालेको छ । अहिले यो प्रारम्भिक अवस्थामै छ । तै पनि यसबाट हुने लाभ र हानीबारे विश्वभरि चासो र चिन्ता बढिरहेको छ । कसैकसैले अब गोप्यताको मृत्यु भएको घोषणासमेत गरेका छन् । अधिनायकवादी तथा परम्परावादी व्यवस्थाका हिमायतीहरू यसलाई कसरी नियन्त्रण गर्न र आफ्नो स्वार्थमा प्रयोग गर्न सकिन्छ भनेर लागि पर्न थालेका छन् । गुटेन वर्गले छापाखानामा पुस्तक छाप्दा समाजका केही प्रवृद्ध व्यक्तिले जुन खतरा देखेका थिए त्यो भन्दा ठूलो खतरा सूचना प्रविधिको विकासले ल्याउन सक्छ भनेर चिन्तित हुनेहरूको संख्या कम छैन । तर यो प्रविधिले मानव समाजलाई नयाँ उचाइमा पुर्‍याउने सम्भावना बढिरहेको छ र यसलाई त्यतैतिर डोर्‍याउनु पर्छ भनी लागिपर्नेहरूको संख्या यति विशाल छ कि यसबाट आत्तिनेहरूको आवाज दबिएको छ ।

### सार :

'सूचना शक्ति हो' भन्ने उक्ति पहिले ज्ञान र विचारको लागि बढी सार्थक थियो भने अहिले यसको अर्थ र महत्व दुबै बढेको छ । खास गरी लोकतन्त्रलाई मतदानद्वारा जनप्रतिनिधि चुन्ने र सबै काम जनताको नाममा सरकारले गर्ने प्राविधिक खालको लोकतन्त्र अब निष्प्रभावी बनेको छ । देशको स्रोत, साधनको मालिक जनता हुन् र जनताले आफ्नो शासन आफैले गर्छन् भन्ने लोकतन्त्रको मर्म र उद्देश्यलाई सूचनाको हकको व्यापक तथा जनस्तरसम्म प्रयोग गरेर मात्रै सफल पार्न सकिन्छ । यसैले विगत दुई दशकदेखि विश्वका लामो लोकतान्त्रिक परम्परा भएका देशहरूमा पनि सूचनाको हक लागू गराउने काम आन्दोलनकै रूपमा चलेको छ । नेपालजस्तो अल्प शिक्षित र अल्प चेतना भएको तर लोकतन्त्रतिर दृढ पाइला चालेका मुलकमा जनताको सूचनाको हक सुरक्षित र व्यावहारमा उपभोग गर्न लगाउन प्रेसले महत्वपूर्ण र प्रभावकारी भूमिका खेल्न सक्छ र खेल्नु पर्छ । यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसमा सूचनाको हक र थाहा पाउने अधिारलाई मुख्य विषय बनाइनुको उद्देश्य र सार्थकता पनि यही हो । धन्यवाद ।

vinaya@wlink.com.np
www.nic.gov.np
www.kasajoo.com
www.cmr.org.np